मण्डनदेउपुर नगरपालिका
MANDANDEUPUR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
महादेवस्थान
Mahadevsthan

काभ्रेपलाञ्चोक
Kavrepalanchok
बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal

मिति: २०७६/१२/२३

## मण्डनदेउपुर नगरपालिकाको अनुरोधः

विश्वभर हाल फैलिइ रहेको कोरोना भाइरस (COVId-19) संक्रमणको रोकथामका लागि यस नगरपालिकाले हालसम्म निम्न कार्यहरु गर्दै आएको व्यहोरा सबैमा जानकारी गराउँदछु। यस नगरपालिकाको विपद् व्यवस्थापन कोषको सिमित साधन र स्रोतबाट मात्र हालसम्म कार्य सम्पादन गरिरहेको। संघीय सरकारबाट के कति बजेट प्राप्त हुने हो सो समेत हालसम्म प्राप्त नभएकोले आर्थिक स्रोतको अभावमा शुरु गरिएका कामहरुलाई समेत निरन्तरता दिन कठिन हुने हुँदा सम्पूर्ण देश विदेशमा रहनु भएका आम नागरिक, नगरवासी दाजुभाइ दिदीवहिनीहरु, सहयोग गर्न इच्छुक व्यक्ति तथा संघ संस्थाहरु सबैमा आ-आफ्नो क्षेत्रबाट आर्थिक, भौतिक लगायतको सहयोगका लागि नगरपालिका हार्दिक अपिल गर्दछ। यस विपद्को घडीमा सहयोग पुऱ्याउनु हुने दाताहरुलाई नगरपालिकाले आगामी दिनमा हुने उपयुक्त अवसरमा सम्मान समेत गर्ने व्यहोरा सबैमा जानकारी गराउँदछु। आर्थिक सहयोग गर्न इच्छुक महानुभावहरुले यस नगरपालिकाको निम्न बैंक खातामा रकम जम्मा गरी जम्मा गरेको भौचर इमेलबाट पठाइदिनुहुन र वस्तुगत (खाद्यान्न, औषधी लगायत) सहयोग गर्ने महानुभावहरुले नगरपालिकाको विपद् व्यवस्थापन समितिमा सम्पर्क गरी उपलब्ध गराइदिनुहुन समेत अनुरोध गर्दछु।

### तपसिल

बैंकको नाम, ठेगानाः ग्लोबल आई.एम.ई. बैंक, कुन्ता शाखा, महादेवस्थान काभ्रे।
खातावालाको नामः मण्डनदेउपुर नगरपालिका, विपद् व्यवस्थापन कोष
खाता नं.: N४०४०१००००००६
इमेल ठेगानाः mandandeupurmu@gmail.com

### हालसम्म नगरपालिकाले गरेका कार्यहरुः

१. वडा कार्यालय, स्वास्थ्य कार्यालय र हेल्थ डेस्कहरुमा पानीको टुटी सहितको वाल्टी, बाटा, सावुन र स्यानीटाइजर राखी हात धुने व्यवस्था गरिएको। साथै उल्लेखित सबै स्थानहरुबाट मास्क वितरण गरि सचेतीकरण गरिएको।
२. मिति २०७६/१२/१० देखि २०७६/१२/१६ सम्म नगरपालिका भित्रका ८ स्थानहरुमा हेल्थडेस्क राखी आवतजावत गर्ने व्यक्तिहरुको स्वास्थ्य परिक्षण गरिएको।
३. पर्चा, पोष्टर, फ्लेक्स, सूचना, सञ्चार, रेडीयो प्रसारण, माईकिङ्ग आदिबाट निरन्तर कोरोना भाइरसका सन्दर्भमा सचेतना मूलक सूचना सन्देश र रोकथामका उपायहरु वारे जानकारी गराइरहेको।
४. आपतकालीन अवस्थामा आवश्यक पर्ने औषधी उपकरण तथा औजारहरु व्यवस्था गरी स्वास्थ्य संस्थाहरुमा चौविसैघण्टा स्वास्थ्य कर्मचारीहरुलाई तयारी हालतमा राखिएको।
५. विदेशबाट आएका सम्पूर्ण नागरिकहरुको अभिलेख राखी आवश्यकता अनुसार स्वास्थ्य परीक्षण गराई होम क्वारेन्टाइनमा राखी नियमित अनुगमन गरिएको।

मण्डनदेउपुर नगरपालिका
MANDANDEUPUR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
महादेवस्थान
Mahadevsthan

काभ्रेपलाञ्चोक
Kavrepalanchok
बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal

६. नगरपालिकाको वडा नं ६ स्थित महादेव प्रा.वि. डुम्रीडाँडामा २० वेड, सामुदायिक स्वास्थ्य केन्द्र सिपाघाटमा १५ वेड र वडा नं. ७ को कालीदेवि प्रा.वि. मा १५ वेडको क्वारेन्टाइन स्थल निर्माण गरी महादेव प्रा.वि. डुम्रीडाँडामा खानपिन, स्वास्थ्य, संचार, सुरक्षा लगायत मापदण्डले तोकेको सम्पूर्ण व्यवस्था सहित ८ जना विदेशबाट आएका नागरिकहरुलाई क्वारेन्टाइनमा राखिएको।

७. नगरप्रमुख, उपप्रमुख, वडाध्यक्षहरु लगायतका जनप्रतिनिधिहरुको नेतृत्व एवं समन्वयमा नगरपालिकाका मुख्य मुख्य बजारहरुका अतिरिक्त सबै वडाहरुका गाँउ बस्तीहरुमा भाइरस विरुद्धको डिसइन्फेक्टेन्ट स्प्रे छर्ने काम निरन्तर भइ रहेको।

८. नगरपालिकाका बढी आवतजावत हुने विभिन्न स्थानहरु, दुग्ध सहकारी, तरकारी संकलन केद्र आदिमा पानीको धारा सहितको वाल्टी व्यवस्थापन गरी हात धुने व्यवस्था मिलाइएको।

९. नगरपालिका भित्रने सबै नाकाहरुमा हुने आवतजावतलाई पूर्ण रुपमा रोक लगाइएको।

१०. राजनैतिक दलका प्रतिनिधिहरु सहितको नगरस्तरीय र वडा स्तरीय विपद् व्यवस्थापन समिति गठन गरी परिचालन गरिएको।

११. क्वारेन्टाइनमा रहने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र एम्बुलेन्स चालकहरुका लागि स्वास्थ्य सुरक्षाका उपकरणहरु (PPE सेट, माक्स आदि) उपलब्ध गराई रु ५ लाख बराबरको जीवन विमा गरिएको।

१२. ३ वटा एम्बुलेन्सलाई तयारी अवस्थामा राखी शंकास्पद विरामीहरुको स्वास्थ्य परीक्षण गर्न निःशुल्क रुपमा लाने ल्याउने व्यवस्था मिलाइएको।

१३. अत्यावश्यक दैनिक उपभोग्य सामग्रीहरुको वेचविखनलाई व्यवस्थित गरिएको र निरन्तर अनुगमन गरिएको।

अन्तमा, यस विपद्को घडीमा सबै नागरिकहरु सचेत भई सतर्क रहन, घर बाहिर ननिस्कन, भिडभाड नगर्न, भिडभाडमा नजान, संघीय सरकार, प्रदेश सरकार र यस नगरपालिकाबाट जारी भएका आदेशहरु पूर्ण रुपमा पालना गर्दै कोरोना भाइरस बिरुद्धको अभियानमा साथ सहयोग पुऱ्याइदिनुहुन आव्हान गर्दछु।

(टोक बहादुर वाइबा)
नगर प्रमुख
टोकबहादुर वाइबा
नगर प्रमुख

<u>पुनश्चः</u> राहत वितरण कार्य एकद्वार प्रणाली अन्तरगत नगरपालिकाको विपद् व्यवस्थापन समिति मार्फत मात्र वितरण हुने हुँदा व्यक्ति वा संघ संस्थाहरुले आफू खुसी वितरण गर्न नपाइने व्यहोरा समेत जानकारी गराइन्छ।

<u>नगरपालिकामा सम्पर्कका लागिः</u>

| | | |
|---|---|---|
| १. श्री मनोज अधिकारी (अधिकृत छैठौं) | - | ९८५१२४६३२९ |
| २. श्री उमेश अधिकारी (सू.प्र. अधिकृत) | - | ९८५११९००५६ |
| ३. श्री रामचन्द्र बजगाई (स्टोर शाखा) | - | ९८५११७१७२८ |